जयपृथ्वी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर, बझाङ्ग
सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं. ०९२-४२१०६४
फ्याक्स नं. ०९२-४२१०६४

पत्र संख्या : ०८०/०८१
च.न. २०८१

मिति :२०८१/०३/३१

विषय :– सूचना प्रशारण गरि दिने वारे ।

श्री साईपाल एफ.एम. बझाङ्ग ।
श्री सेती एफ.एम. बझाङ्ग ।
श्री बझाङ्ग एफ.एम, बझाङ्ग ।
श्री जनमुखी एफ.एम. बझाङ्ग ।
श्री खप्तड आवाज एफ.एम. बझाङ्ग ।
श्री जयपृथ्वी एफ.एम. बझाङ्ग ।

प्रस्तुत विषयमा तपशिलको सूचना मिति २०८१।०३।३१ गते बेलुका देखी मिति २०८१।०४।१५ गते विहान सम्म बेलुका ४ पटक विहान ४ पटक प्रसारण गरि दिन हुन अनुरोध छ ।

(लाल बहादुर थापा)
नि.प्रमुख प्रशासकिय अधिकृत

## सामाजिक सुरक्षा परिचयपत्र नविकरण गराउने सम्बन्धि अत्यन्त जरुरी सूचना ।

यस नगरपालिकाका वडा नं. १ देखि ११ सम्मका सामाजिक सुरक्षा भत्ता सुविधा उपभोग गरिरहेका लाभग्राहीहरुले आ.व. २०८१/०८२ मा भत्ता प्राप्त गर्नको लागि आ-आफ्नो वडा कार्यालयमा गई मिति २०८१ साल श्रावण १ गते देखि भाद्र मसान्त सम्म परिचयपत्र नविकरण गराउन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रसारण गरिएको छ ।

**आवश्यक कागजातहरु:**

- नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी, राष्ट्रिय परिचय पत्र नम्बर,
- पासपोर्ट साईजको २ प्रति फोटा,
- सामाजिक सुरक्षा प्राप्त गरिरहेको परिचयपत्रको प्रतिलिपी/१३ अंकको परिचयपत्र नम्वर,
- वालवालिकाको हकमा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपी, परिचयपत्रको प्रतिलिपी र संरक्षकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,
- अपाङ्गता भएका व्यक्तिको हकमा अपाङ्ग परिचयपत्र, सामाजिक सुरक्षा परिचयपत्रको प्रतिलिपी,
- असहाय एकल/विधवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपी र अर्को विवाह नगरेको वडा कार्यालयको सिफारिस पत्रको प्रतिलिपी, राष्ट्रिय परिचय पत्र नम्वर,
- विवाह नगरी ६० वर्ष उमेर पुरा भएकी महिलाको हकमा विवाहित नभएको वडा कार्यालयको सिफारिसपत्र, राष्ट्रिय परिचय पत्र नम्वर,
- सम्वन्ध विच्छेद गरी अर्को विवाह नगरेकी ६० वर्ष माथिका महिलाको हकमा सम्वन्ध विच्छेद दर्ता प्रमाण पत्रको प्रतिलिपी र अर्को विवाह नगरेको वडा कार्यालयको सिफारिसपत्र, राष्ट्रिय परिचय पत्र नम्वर,
- न्यायिक पृथकिकरण गरी वसेका वा ४० वर्ष पुरा भएका एकल महिलाको हकमा न्यायिक पृथकिकरण भएको प्रमाणपत्रको प्रतिलिपी, राष्ट्रिय परिचय पत्र नम्वर,

**नोट:** तोकिएको समयमा नविकरण नभएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।

**बोधार्थ**
**श्री वडा कार्यालय- सबै,** जयपृथ्वी नगरपालिका, वझाङ्ग
आवश्यक प्रचार प्रसार गरी नविकरण गर्नुहुन ।

जयपृथ्वी नगरपालिका
नगर कार्यपालिकाको
कार्यालय, बझाङ्ग ।

CamScanner